# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार मन्त्रिपरिषद् मिति २०७६/०१/२६ को निर्णय बमोजिमको संसोधन सहित

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी

# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

**<u>प्रस्तावना</u>** : स्थानीय तहबाट संचालन गरिने आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ बमोजिम विशेष अनुदान प्रदान गर्न प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षति र जीवनयापन तथा वातवरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ङ) "विशेष अनुदान" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा (५) वमोजिमको आयोजना वा कार्यक्रम छनौट समिति सम्झनु पर्छ ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधारः** (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट संचालित कुनै खास आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः -

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक आयोजना वा कार्यक्रमहरु,

(ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय तथा बाल तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना वा कार्यक्रमहरु,

(ग) खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायहरुको लागि खानेपानी तथा सरसफाई सुविधा उपलव्ध गराउने विशेष आयोजना वा कार्यक्रमहरु,

(घ) खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना तथा कार्यक्रमहरु,

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवा आपूर्ति सम्बन्धी आयोजना वा कार्यक्रमहरु,

(च) कुनै अल्पसंख्यक सीमान्तकृत वर्ग एवं दुर्गम एवं पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकासका लागि लक्षित गरी संचालन गरिने कुनै आयोजना तथा कार्यक्रमहरु,

(छ) स्थानीय तहबिच भौतिक तथा मानवीय विकासका दृष्टिले सन्तुलन कायम गर्न संचालन गरिने आयोजना तथा कार्यक्रमहरु,

(ज) आधुनिक प्रविधिको उपयोग गरि फोहोरमैला व्यवस्थापन गर्ने आयोजना तथा कार्यक्रमहरु ।

(झ) दुर्गम तथा आर्थिक रुपले पिछडिएका क्षेत्रमा विकासको सन्तुलन कायम गर्ने आयोजना वा परियोजना वा कार्यक्रमहरु।

(२) प्रदेश सरकारले स्थानीय तहबाट संचालन गरिने उपदफा (१) वमोजिमका आयोजना तथा कार्यक्रमहरुको लागि देहायका कुराहरु विचार गरि सोको आधारमा विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारले कार्यन्वयन गर्ने वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवं समानीकरण, सशर्त र समपुरक अनुदानबाट कार्यन्वयन गर्ने आयोजना वा कार्यक्रमसंग दोहोरो परे नपरेको,

(ख) आयोजना वा कार्यक्रमको सम्भाव्यता, लागत अनुमान, आयोजना कार्यन्वयन पश्चात प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभको अवस्था,

(ग) आयोजना वा कार्यक्रम संचालन गर्ने स्थानीय तहको सामाजिक, आर्थिक अवस्था, स्रोत परिचालन गर्न सक्ने भौतिक तथा वित्तीय क्षमता,

(घ) आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता तथा प्राथमिकता,

(ङ) कुनै विपद वा मानवीय कारणबाट राज्यले कुनै क्षेत्रमा पुनस्थापना, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने भएमा सो कुरा,

(च) मन्त्रालयले आवश्यक ठानेका अन्य उपयुक्त आधार ।

४. **विशेष अनुदान माग गर्ने :** (१) स्थानीय तहले विशेष अनुदानमा आयोजना वा कार्यक्रम संचालन गर्न अनुदान माग गर्दा अनुसूची १ वमोजिमको ढांचामा प्रस्ताव तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम आयोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्दा हाल संचालनमा रहेका आयोजना वा कार्यक्रमसंग दोहोरो नपर्ने गरि प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) वमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रुपमा खुलाउनु पर्ने छः-

(क) आयोजना वा कार्यक्रम संचालन गनुपर्ने आवश्यकता वा प्राथमिकताको पुष्टयाई,

(ख) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको कुल लागत,

(घ) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(ङ) आयोजना वा कार्यक्रम संचालन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना वा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(छ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना वा कार्यक्रम सम्पन्न भएपछि स्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(झ) आयोजना वा कार्यक्रमको प्रचलित कानून वमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन,

(ञ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भएमा प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट) समय समयमा प्रदेश सरकारले तोकेका अन्य विवरण ।

**५. आयोजना कार्यक्रम छनौट समितिः** (१) दफा (४) वमोजिम विशेष अनुदानबाट कार्यक्रम संचालन गर्न प्रस्ताव भई आएमा त्यस्तो आयोजना वा कार्यक्रमको सम्बन्धमा आवश्यक छानविन गरि सिफारिस गर्न मन्त्रालयमा देहाय वमोजिमको योजना छनौट समिति रहने छः-

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय - सदस्य

(घ) उपसचिव, बजेट, योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

(२) समितिले आयोजना तथा कार्यक्रम छनौट गर्दा दफा (३) मा उल्लेखित व्यहोराको आधारमा छनौट गर्नुपर्ने छ ।

(३) समितिले आगामी वर्षमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र छनौट गर्नुपर्ने छ ।

तर आर्थिक वर्ष २०७५/०७६ को हकमा चालु आर्थिक वर्षको माघ मसान्तभित्र आयोजना वा कार्यक्रम छनौट गरिसक्नु पर्ने छ ।

६. **प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्नेः** (१) दफा ५ बमोजिमको समितिले छनौट गरेका आयोजना वा कार्यक्रम संचालनको लागि त्यस्तो आयोजना वा कार्यक्रमको कूल लागत, आयोजना वा कार्यक्रमको प्रकृति, आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना वा कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, आयोजना वा कार्यक्रमको दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेटको सिमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ ।

७. **विशेष अनुदान प्रदान नगरिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ख) तलब, भत्ता, मसलन्द, बैठक, गोष्ठी, सेमिनार लगायतका चालु खर्च तथा ऋण भुक्तानीका आयोजना वा कार्यक्रमहरु,

(ग) सीमित वर्गलाई व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने कार्यक्रमहरु,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रमहरु,

(छ) कूल लागत रु. पच्चीस लाख भन्दा कमका योजना तथा कार्यक्रमहरुको लागि बिशेष अनुदान प्रदान गरिने छैन।

८. **अनुदान रकम निकासा तथा खर्च प्रक्रियाः** (१) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने छ ।

(२) विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन ।

*तर आर्थिक वर्ष २०७५/०७६ को हकमा प्रदेश र स्थानीय तह तथा जनसहभागिताको अंश समेतको लगानीमा मूल्य अभिवृद्धि कर र ओभरहेड कन्टिन्जेसी रकम सहित कूल योग रु. १ करोड ननाघेका र ठेक्का बन्दोबस्त भैनसकेका प्रदेशको विशेष अनुदानबाट संचालन गर्नुपर्ने आयोजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले तोकेको प्रक्रिया पूरा गर्ने गरी सार्वजनिक निकायले उपभोक्ता समिति मार्फत संचालन गर्न बाधा पर्ने छैन ।

(३) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान वापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरि खर्च गर्नुपर्ने छ ।

(४) स्थानीय तहले विशेष अनुदान वापत प्राप्त गरेको रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानुनको अधिनमा रही मितव्ययी एवं पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैकिङ प्रणाली मार्फत गनुपर्ने छ ।

(५) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानुन वमोजिम आन्तरिक र अन्तिम लेखा परिक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यन्वयन गर्ने स्थानीय तहको हुनेछ ।

९. **तोकिएको अवधिभित्र आयोजना वा कार्यक्रम सम्पन्न गर्नुपर्नेः** स्थानीय तहले विशेष अनुदानबाट संचालित आयोजना वा कार्यक्रम दफा (४) को (छ) वमोजिमको प्रस्तावमा तोकेको अवधि भित्र सम्पन्न गर्नुपर्ने छ । सो अवधि भित्र आयोजना वा कार्यक्रम सम्पन्न नभएमा बाँकि कार्यको लागि थप अनुदान रकम निकासा दिईने छैन ।

१०. **मन्त्रालयले निर्देशन दिन सक्नेः** विशेष अनुदानबाट संचालित आयोजना वा कार्यक्रमको उद्देश्य अनुरुप संचालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न हुने नदेखिएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

११. **अनुगमन तथा प्रतिवेदनः** (१) विशेष अनुदानबाट संचालन हुने आयोजना वा कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरि संचालन भए नभएको सम्बन्धमा सम्बन्धित जिल्ला समन्वय समितिले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

* मिति २०७६/०१/२६ को प्रदेश सरकार (म. प) को निर्णयानुसार थप

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन मन्त्रालय र विषयगत मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(३) जिल्ला समन्वय समितिले आफ्नो क्षेत्रभित्र विशेष अनुदानबाट संचालित आयोजना वा कार्यक्रमको चौमसिक प्रगति प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची २ बमोजिमको ढांचामा पेश गर्नुपर्नेछ ।

(४) जिल्ला समन्वय समितिले आयोजना वा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित बर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्नेछ ।

१२. **अनुदान कट्टा तथा रोक्का गरिनेः** (१) विशेष अनुदानबाट संचालनमा रहेका आयोजना वा कार्यक्रममा लक्षित उद्देश्य अनुरुप कार्यप्रगति हुन नसकेमा वा मन्त्रालयले दफा (१०) बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा प्रदेश सरकारले त्यस्तो आयोजना वा कार्यक्रम संचालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने विशेष अनुदान रकमबाट कट्टा तथा रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा (११) बमोजिमको अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ ।

१३. **आयोजना वा कार्यक्रम संचालन गने जिम्मेवारीः** विशेष अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमहरुको व्यवस्थापन र संचालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना वा कार्यक्रमको संचालनको लागि प्रदेश सरकारले कुनै दायित्व बहन गर्ने छैन ।

## अनुसूची १

(कार्यविधिको दफा ४ को  उपदफा (१) सँग सम्वन्धित)

**विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम पेश गर्ने प्रस्तावको ढांचा**

१. आयोजना वा कार्यक्रम प्रस्ताव गर्ने स्थानीय तहको नाम :

२. ठेगानाः

३. फोन/फ्याक्स/इमेल :

४. कार्यक्रम वा आयोजनाको नाम :

५. आयोजना वा कार्यक्रमको कुल लागत:

६. आयोजना वा कार्यक्रमबाट लाभान्वित संभाव्य जनसंख्याः

७. आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :

**पेश गर्नुपर्ने संलग्न आवश्यक कागजातहरु (दफा ४) :**

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(ख) आयोजना वा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(घ) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) आयोजना वा कार्यक्रम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन,

(च) मन्त्रालयले तोकेका अन्य विवरण एवं कागजातहरु,

प्रमुख प्रशासकीय अधिकृतको नामः

दस्तखत :

पद :

मिति :

अनुसूची- २

(दफा ११ को उपदफा (३) संग संबन्धित)

## चौमासिक प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम कार्यन्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नंः

| क.सं | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम संचालन भएको स्थान | स्वीकृत बजेट | प्रथम/द्वितीय/तृतीय चौमासिक अवधिको लक्ष |  | प्रथम/द्वितीय/तृतीय चौमासिक अवधिको प्रगति |  | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | भौतिक | वित्तीय | भौतिक | वित्तीय |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |

पेश गर्नेः प्रमाणित गर्नेः

मितिः